स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड २) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या ५

# किसानसँग गाउँ सरकार कार्यक्रम संचालन कार्यविधि २०७५

## सरुमारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बड्डाँडा प्यूठान
## ५ नं. प्रदेश नेपाल

**प्रस्तावना**

नेपालको संविधानले स्थानिय तहको अधिकार सुची १५ को कृषि तथा पशुपालनको उत्पादन र व्यवस्थापन सम्बन्धि अधिकार बमोजिम कृषि तथा पशुपालनको उत्पादन वृद्धि गर्न व्यवस्थापन गर्न कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति योजना तर्जुमा गरी त्यसको कार्यान्वयन र नियमन गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (ण) बमोजिम प्राप्त अधिकारबाट लक्षित समृद्धिको मार्गमा सरुमारानी गाउँपालिकालाई अगाडी बढाउन "किसानसँग गाउँ सरकार कार्यक्रम" नामक कृषि तथा पशुपालनको आधुनिकीकरण र व्यवसायिकरण गर्ने कृषि तर्फको अनुदान कार्यक्रमलाई प्रथम गाउँ सभाले नीति तथा कार्यक्रममा विनियोजन गरेको हँदा त्यस कार्यक्रम संचालन, व्यवस्थापन र नियमनको लागि यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद - १

**१. संक्षिप्त नाम र परिभाषा**

१.१ यो कार्यविधिको नाम किसानसँग गाउँ सरकार कार्यक्रम संचालन कार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क) "पकेट" वा ब्लक भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत दर्ता भइ संचालनमा रहेका कृषि क्षेत्रका समूहलाई सम्झनु पर्दछ ।

(ख) "प्रस्ताव" भन्नाले यस कार्यक्रमको अनुदान समेतको म्याचिङमा कृषि तथा पशुपालन फर्मको योजना संचालन गर्न अनुदान माग गर्ने निवेदनलाई जनाउनेछ ।

(ग) "कृषि शाखा" भन्नाले सरुमारानी गाउँपालिका अन्तर्गत रहेको कृषि शाखा कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "पशु सेवा शाखा" भन्नाले सरुमारानी गाउँपालिका अन्तर्गत रहेको पशु सेवा शाखा कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "विषयगत समिति" भन्नाले सरुमारानी गाउँपालिकाको आर्थिक विषयगत समितिलाई सम्झनुपर्दछ

(च) "व्यवसायिक योजना" भन्नाले यस कार्यक्रमबाट प्राप्त अनुदान र स्वःलगानीको रकमबाट संचालन गर्ने व्यवसायको कुल लगानी र निश्चित समयभित्र त्यसबाट प्राप्त हुने कुल नाफा र खुद नाफाको विवरण प्रतिवेदनलाई सम्झनुपर्दछ ।

**३. कार्यक्रम संचालनको उदेश्य :**

यस कार्यविधि अनुसार कार्यक्रमको उदेश्य देहाय बमोजिमको हुनेछ ।

(क) कृषि लाई व्यवसायीकरण गर्न कृषकलाई कृषि परम्परागत पेशाको रुपमा नभई नाफा मुलक व्यवसायको रुपमा स्थानीय सरकारमा दर्ता तथा अनुमति र स्थानीय सरकार को उत्प्रेरणामा सीप विकास, अध्ययन तथा अनुदानको कार्यक्रम मा सुचिकृत गर्ने ।

(ख) कृषि लाई आधुनिकरण गर्न स्थानीय माटो , हावा पानी र संभाव्यता को आधारमा उपयूक्त र उन्नत जाती प्रजाती को अध्ययन र अनुसन्धान गरी सोही प्रणालिको विकास गर्ने ।

(ग) सिंगो मुलुकको तथ्यांक मा आर्थिक रुपमा विपन्न वर्ग किसान वर्ग नै हो तसर्थ उक्त गरीब किसानलाई आधुनिक र व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न पुंजीको आवश्यकता पर्दछ जुन पुँजी गरीब किसान संग पर्याप्त छैन तर सम्पूर्ण पूंजीको सर्व अनुदान ले पनि किसानलाई मेहनती र अभिप्रेरित गर्नुको सट्टा अभिलासी र अल्छी बनाउदछ तसर्थ किसान आफू व्यावसायी बन्न चाहेको अवस्थामा लाग्ने कुल पुजी मा पुरक अनुदान को व्यवस्था गर्नु नै यो कार्यक्रमको मुल उदेश्य रहेको छ

## परिच्छेद –२

**१) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

१.१ स्वीकृत पकेट वा ब्लक समुहलाई १५ दिन भित्र आवेदन दिनको लागि पत्राचार गर्ने ।

१.२ प्राप्त सुचना को १५ दिन भित्र सम्बन्धित पकेट वा ब्लक ले आफ्नो समूहको निर्णय प्रतिलिपि , कार्यक्रम को प्रस्ताव कृषि शाखामा पेश गर्ने ।

१.३ कार्यक्रम को प्रस्ताव पेश गर्दा उत्पादन विकास योजना भएमा गाँउपालीकाको अनुदानलाई ५० प्रतिशत र पूर्वाधार निर्माण भएमा गाउँपालिकाको अनुदान ८० प्रतिशते हुने गरी स्वः लगानी समेत बाट १०० प्रतिशत हुने व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

१.४ उक्त प्रस्तावमृा कार्यक्रम शुरु अवधि र सम्पन्न अवधि तोक्नु पर्नेछ ।

१.५ पुर्वाधार निर्माणको कार्य भएमा लागत ईष्टीमेट पेश गर्नुपर्नेछ ।

१.६ उल्लेखित कागजपत्र सहितको प्रस्तावलाई कृषि शाखाले  विषयगत समितिमा पेश गर्नुपर्नेछ ।

१.७ विषयगत समितिले उक्त प्रस्तावलाई अनुमोदन गरी गाउँपालिका कार्यालयमा सम्झौता को लागि पठाउनेछ  र सम्झौता हुनेछ ।

१.८ योजना सम्पन्न भएपछि , समूहको आय व्यय को सामुहिक लेखा परीक्षण , विषयगत समितिको अनुगमन र प्रतिवेदन तथा पुर्वाधार निर्माण योजना भए प्राविधिक मुल्यांकन , विल भरपाई र सम्बन्धित वडा कार्यालयको अनुगमन र सिफारीस सहित पेश गरेपछि सम्पूर्ण अनुदान रकम एकमुष्ट भुक्तानी हुनेछ ।

## परिच्छेद - ३

**१. सामुहिक बाखा पालन फर्म संचालन अनुदान**

१.१ यस अनुदान कार्यक्रमको १५ दिने सुचना पशु सेवा शाखा र वडा कार्यालयमा प्रकाशन गर्ने ।

१.२ प्रकाशित सुचना अनुसार १५ दिन भित्र कार्यक्रमको प्रस्ताव सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पशु सेवा शाखामा पेश गर्ने ।
१.३ कार्यक्रम प्रस्ताव गर्दा पेश गर्नुपर्ने कागजपत्रहरु

- समूह दर्ता वा नविकरणको प्रमाणपत्रको प्रतिलिपी
- समुहका सवै सदस्यको नागरिकताको प्रतिलिपी
- व्यवसायिक योजना
- सम्बन्धित वडा कार्यालयको सिफारीस
- फर्म संचालन हुने जग्गा मध्य निजी आवादी जग्गा भएमा लालपूर्जाको प्रतिलिपी जग्गाधनि सँग कम्तीमा १० वर्षे करार सम्झौता, ऐलानी पर्ति जग्गा भएमा सम्बन्धित वडा समितिको स्वीकृति र सिफारीस र सामुदायिक वन क्षेत्र भएमा सोही सामुदायिक वन उपभोक्ता समितिको अनुमति र पत्र पेश गर्नुपर्नेछ । तर खोर तथा भौतिक पुर्वाधारको निर्माण नीजि आवादी जग्गामा घाँस खेतिको लागि मात्र प्रयोग गर्न पाइनेछ ।

१.४ कार्यक्रमका प्रस्तावहरुलाई  पशु सेवा शाखाले विषयगत समितिमा पेश गर्ने छ ।
१.५ विषयगत समितिले स्थलगत अवलोकन गरी प्रतिवेदन सहित कार्यपालिका वैठकमा निर्णयार्थ पेश गर्नु पर्ने छ  ।
१.६ व्यवसायिक योजनामा कुल लागतको ५०% समूह आफैले लगानी गर्ने हुनुपर्नेछ ।
१.७ कार्यपालिका वैठकले प्राप्त कार्यक्रम प्रस्ताव मध्य उपयुक्त प्रस्तावलाई स्वीकृती दिने निर्णय गर्नेछ ।
१.८ स्वीकृत समूहलाई पत्राचार गरी गाउँपालिकामा सम्झौता गरिनेछ ।
१.९ योजना संचालन भइ खोर निर्माण र घाँस खेतिको व्यवस्थापन भएपछि विषयगत समितिको अनुगमन प्रतिव्ेदन र विल भर्पाइ पेश गरेपछि कुल अनुदानको ५० प्रतिशत सम्म पेश्की दिइनेछ ।
१.१० बाखा , बोका खरिद गरी सम्पूर्ण भौतिक पूर्वाधार निर्माण सम्पन्न भएको अनुगमन पश्चात अनुगमन प्रतिवेदन सम्पूर्ण विल भपाई , फोटो , सम्बन्धित वडा कार्यालयको अनुगमन तथा सिफारीस र सम्पूर्ण बाखा, बोकाको विमा अभिलेख भएपछि बाँकी रकम भुक्तानी दिइनेछ ।
१.११ कार्यक्रम प्रस्ताव अनुसार व्यवसाय संचालन भएपछि आगामी २ वर्ष सम्म गाउँपालिकाले अध्ययन अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा उक्त फर्मको प्रगतिको आधारमा आवश्यकता देखिने भएमा गाउँपालिकाले पूनः अनुदानको व्यवस्था गर्नेछ तर फर्म समूहले लक्षित योजना विपरीत कार्यगरी फर्मलाई कमजोर बनाउने , विनाश गर्ने र बन्द हुने ठहर भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार सबै सदस्य हरुले समान अनुपातमा अनुदानको रकम गाउपालिकामा फिर्ता गर्नुपर्नेछ र फिर्ता नगरे गाउपालिका बाट प्राप्त हुने सबै सेवा सुविधा बाट बंचित गरीनेछ ।
१.१२ पशु सेवा शाखा बाट रेखदेख , प्राविधिक सहयोग निरन्तर गर्नुपर्नेछ ।
१.१३ समुहलाई तालिमको  व्यवस्था र अध्ययन अवलोकन भ्रमण गराईनेछ ।
१.१४ भालुवाङ प्यूठान सडक बाट उक्त फर्म जाने बाटोमा कार्यक्रमको नमुना सहितको सूचना बोर्ड राखिनेछ ।
१.१५ समुहमा पदाधिकारीमा कम्तीमा एक जना र कुल सदस्यको कम्तिमा ३३ प्रतिशत महिला तथा समुहमा दलित तथा जनजातिको पनि सहभागिता हुनु पर्नेछ ।

## परिच्छेद - ४

**१) बाखा पालन व्यक्तिगत फर्म संचालन अनुदान :**

१.१ अनुदान कार्यक्रम को १५ दिने सुचना पशु सेवा शाखा र सबै वडा कार्यालयहरुमा प्रकाशन गर्ने ।
१.२ सुचना अवधि भित्र ईच्छुक फर्मले कार्यक्रमको प्रस्ताव को साथमा आफ्नो फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि , नागरिकताको प्रतिलिपी व्यावसायिक योजना र सम्बन्धित वडा कार्यालय को सिफारीस संलग्न राखी पशु सेवा शाखा कार्यालयमा पेश गर्ने ।
१.३ प्रस्तावहरुलाई पशु सेवाशाखा ले विषयगत समितिमा पेश गर्ने ।
१.४ विषयगत समितिले प्राप्त प्रस्तावहरुलाई कार्यपालिकाको बैठकमा पेश गर्ने ।
१.५ कार्यपालिकाको निर्णय बाट स्वीकृत प्रस्ताव पेश गर्ने फर्महरुलाई कार्यअवधि तोकि प्रत्राचार गरिनेछ ।
१.६ फर्महरुले निर्धारित कार्यअवधि भित्र कार्य सम्पन्न गरी बिल भपाई र वडा कार्यालयको सिफारीस सहित पशु सेवा शाखा मा पेश गर्ने ।
१.७ पशु सेवा शाखा मा प्राप्त कार्य सम्पन्न फर्महरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने र भुक्तानी दिने ।

## परिच्छेद ५

### १ . विपन्न वर्ग बाखा खोर सुधार अनुदान :

१.१ पशु सेवा शाखा कार्यालय र सबै वडा कार्यालयहरुमा १५ दिने सुचना प्रकाशन गर्ने ।
१.२ ईच्छुक व्यक्तिहरुले १५ दिन भित्र आ आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्ने ।
१.३ सबै वडाहरुले प्राप्त निवेदनहरुलाई पशु सेवा शाखा कार्यालयमा पेश गर्ने ।
१.४ पशु सेवा शाखाले विषयगत समितिमा पेश गर्ने ।
१.५ विषयगत समितिले कार्यपालिका बैठक मा निर्णयार्थ पेश गर्नै । छनौट भएका विपन्न कृषकलाई वडा कार्यालय मार्फत सुचित गरीनेछ ।
१.६ निवेदकहरुले काम सम्पन्न गरेको भनि दिएको निवेदन र वडा कार्यालयको सिफारीस भै आएमा किसानहरुलाई भुक्तानी दिने ।

## परिच्छेद - ६

### १ व्यवसायिक मौरीपालन अनुदान सहयोग :

सरुमारानी गाउँपालिकाको वडा नं. ३,४,५ र ६ मा लक्षित गरिएको अनुदान कार्यक्रम
१.१ सम्बन्धित वडा कार्यालयमा १५ दिने सुचना प्रकाशन गर्ने ।
१.२ ईच्छुक फर्महरुले १५ दिन भित्र फर्म दर्ताको प्रतिलिपी, नागरिकताको प्रतिलिपीको साथमा अनुदान कार्यक्रमको प्रस्ताव सम्बन्धित वडा कार्यालयमा पेश गर्ने ।
१.३ प्रस्तावको साथमा आफ्नो फर्मको हालको घार संख्या, कुल लगानी र यो अनुदानबाट म्याचिङमा संचालन गर्ने व्यवसायिक योजना पेश गर्ने ।
१.४ वडा कार्यालयले प्राप्त प्रस्तावहरुलाई विषयगत समितिमा पेश गर्ने ।
१.५ विषयगत समितिले प्राप्त प्रस्तावहरुलाई सुचिकृत गरी फर्म छनौटको लागि कार्यपालिकाको वैठकमा पेश गर्ने ।
१.६ कार्यपालिकाबाट छनौटमा परेका फर्महरुलाई कार्यअवधि तोकी सुचित गरिनेछ ।
१.७ प्रस्तावमा पेश गरेको व्यवसायिक योजना अनुरुप कार्यअवधिभित्र कार्य सम्पन्न गरी विल भरपाई सहित वडा कार्यालयको सिफारीस सहित गाउँपालिकामा पेश गरेपछि अनुगमन पश्चात भुक्तानी गरिने छ ।

## परिच्छेद -७

**१ व्यवसायिक गाईपालन फर्म र भैंसी पालन फर्म अनुदान**

१.१ पशु सेवा शाखा कार्यालय र सवै वडा कार्यालयहरुमा १५ दिने सुचना प्रकाशन गर्ने ।

१.२ सुचना अवधिभित्र ईच्छुक फर्मले स्वःलगानी र गाउँपालिका अनुदानको समान म्याचिङमा व्यवसायिक योजना सहित फर्म दर्ताको प्रतिलिपी राखी वडा कार्यालय वा पशु शाखामा पेश गर्ने ।

१.३ वडा कार्यालय र पशु शाखाले प्राप्त निवेदन विषयगत समितिमा पेश गर्ने ।

१.४ विषयगत समितिले निवेदक फर्मको स्थलगत निरीक्षण गरी प्रतिवेदन सहित निर्णयार्थ कार्यपालिकाको वैठकमा पेश गर्ने ।

१.५ कार्यपालिकाको स्वीकृति प्राप्त फर्मले व्यवसायिक योजना अनुरुपको कार्य सम्पन्न गरी विल भरपाई र सम्बन्धित वडा कार्यालयको सिफारीस सहित गाउँपालिकामा पेश गर्ने ।

१.६ पशुसेवा शाखाको अनुगमन प्रतिवेदन प्राप्त भएपछि गाउँपालिकाले भुक्तानी दिने ।

## परिच्छेद - ८

**१ आधुनिक ब्रोईलर पालन फर्म अनुदान**

१.१ कृषि शाखा कार्यालयमा १५ दिने सुचना प्रकाशन गर्ने ।

१.२ ईच्छुक फर्मले कुल लागतको ४०% गाउँपालिकाको अनुदानमा म्याचिङ हुने गरी व्यवसायिक योजना सहित फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी सहित १५ दिन भित्र कृषि शाखामा निवेदन पेश गर्ने

१.३ कृषि शाखाले प्राप्त निवेदनलाई विषयगत समितिमा पेश गर्ने ।

१.४ विषयगत समितिले निर्णयार्थ कार्यपालिका वैठकमा पेश गर्ने ।

१.५ कार्यपालिकाको बैठकको निर्णय भई स्वीकृत फर्मले योजना अनुसारको काम गर्ने ।

१.६ योजना सम्पन्न भएपछि विल भपाई र वडा कार्यलयको सिफारीस सहित पेश गर्ने ।

१.७ कृषि शाखाको अनुगमन प्रतिवेदन प्राप्त भएपछि गाउँपालिकाले रकम भुक्तानी दिने ।

## परिच्छेद - ९

**१ लेयर्स कुखुरा फर्म औषधि अनुदान**

१.१ सबै वडा कार्यालयहरुमा १५ दिने सुचना प्रकाशन गर्ने ।

१.२ ईच्छुक फर्महरुले फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि राखी १५ दिन भित्र वडा कार्यलयमा निवेदन पेश गर्ने ।

१.३ वडा कार्यालयहरुले प्राप्त निवेदन हरुलाई कृषि शाखा मार्फत विषयगत समितिमा पेश गर्ने ।

१.४ विषयगत समितिले कार्यपालिका बैठकमा पेश गर्ने ।

१.५ स्वीकृत फर्मले औषधि खरिद गरी बिल र वडा कार्यलयको सिफारीस पेश गरेपछि गाउँपालिकाले भुक्तानी दिने ।

## परिच्छेद - १०

**१ बाख्रा पालन तालीम**

१.१ पशु सेवा शाखाले तालिमको प्रस्ताव तयार गर्ने र बाख्रा पालनको समुह फर्म र निजि फर्म छनौट भएपछि तालिम संचालन गर्ने ।

## परिच्छेद - ११

**१ व्यावसायीक लोकल कुखुरा पालन चल्ला अनुदान**

१.१ ६ वटै वडा हरुबाट ११ जना विपन्न तथा महिलालाई छनौट गर्ने गरी १५ दिने सुचना प्रकाशन गर्ने ।

१.२ १५ दिन भित्र परेका निवेदन मध्ये बाट १ जना वडा समिति बाट छनौट गर्ने र सो पत्र गाउपालिकामा पठाउने ।

१.३ छनौट भएको कृषक ले कम्तीमा ५० वटा लोकल कुखुरा पाल्ने गरी खोर र वाउन्डरी तयार गर्ने ।
१.४ वडा अनुगमन समितिले पूर्वाधार तयार भएको अनुगमन गरी तयार भएको देखिएमा वडा कार्यालयको सिफारीस सहित गाउँपालिका मा पठाउने र भुक्तानी दिने ।

## परिच्छेद -१२

१ पशु सेवा शाखाले भ्रमणको लागी प्रस्ताव तयार गरी पेश गर्ने छ । अनुदानमा छनौट भएका कृषकहरुलाई अध्ययन अवलोकन भ्रमणमा लगिनेछ ।

## परिच्छेद -१३

१ किसान संग गाउँ सरकार कार्यक्रम को व्यवस्थापनका लागि विनियोजित रकम व्यवस्थापन र अनुगमन मा खर्च हुने छ ।

## परिच्छेद - १४

**१ फलफुल वेर्ना पुरक अनुदान**

१.१ कृषि शाखाले सुचना प्रकाशन गरी सबै वडाहरुमा सुचना प्रकाशन गर्न लगाउने छ ।
१.२ आँप , लिचि र कागती को वेर्ना हरुको माग संकलन गरिनेछ ।
१.३ विनियोजित रु.५०,०००।. हजार बाट खर्च व्यवस्थापन हुने गरी मागको आधारमा समानुपातिक रुपमा वितरण गरिनेछ ।